

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५६) काठमाडौं, वैशाख १५ गते २०६३ साल(अतिरिक्ताङ्क७

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा नेपाली कांग्रेसका महामन्त्रीद्वारा प्रधानमन्त्रीको नियुक्तिका सम्बन्धमा २०६३ साल वैशाख १४ गते चढाइएको जाहेरी पत्रमा उल्लेख भएबमोजिम यस सचिवालयबाट २०६३ साल वैशाख १४ गते प्रकाशित विज्ञप्तिमा "श्री ५ महाराजाधिराजबाट आन्दोलनरत् सात राजनीतिक दलको सर्वसम्मत निर्णयका आधारमा नेपाली कांग्रेसका सभापति तथा नेपाली कांग्रेस संसदीय दलका नेता श्री गिरिजा प्रसाद कोइरालालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सेको छ" भनि प्रकाशित भएकोमा नेपाली कांग्रेसका महामन्त्रीले मिति २०६३ साल वैशाख १५ गते उक्त विज्ञप्तिमा "श्री ५ महाराजाधिराजबाट आन्दोलनरत् सात राजनीतिक दलको सर्वसम्मत निर्णयका आधारमा नेपाली कांग्रेसका सभापति तथा नेपाली कांग्रेस संसदीय दलका नेता श्री गिरिजाप्रसाद कोइरालालाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सेको छ" भनी सच्याउन पुनः जाहेर गरी पठाउनु भएकोले सो बमोजिम सच्याई बक्सेको छ।

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो. हु. द. नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मधुपर्क विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।